**Tribhuvan University Journal**
**Vol. 38, No. 2: 206-219, December,2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i2.60785**

# *इतर कविता*मा जनजातीय संस्कृति

**_ज्ञानु अधिकारी_**

*पद्मकन्या बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौं*
*इमेल : shabdaga@gmail.com*

Received date: 26 Feb. 2023- Accepted date: 25 Nov. 2023

## लेखसार

प्रस्तुत लेखमा पराजित पोमुद्वारा सम्पादित 'इतर कविता' कृतिमा समाविष्ट कवितालाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त जनजातीय संस्कृतिका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त कविताका वैचारिकताको निरूपण गरिएको छ । 'इतर कविता' कृतिभित्र समावेश भएका नेपाली साहित्यका जनजाति समुदायका तीनसयभन्दा बढी समकालीन कविहरूका कविताहरूमध्ये जनजातीय संस्कृतिसँग सम्बद्ध कविताहरूको चयन गरी ती कवितामा अभिव्यक्त जनजातीय संस्कृतिका विविध पक्षहरूको विश्लेषण र मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य हो । यसमा चयनित कविता-विश्लेषणका लागि जनजातीय संस्कृतिका आधारभूत मान्यताहरूलाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसका निम्ति जनजातीय संस्कृतिअन्तर्गत परम्परागत संस्कृति, निर्मित संस्कृति र आयातीत तथा मिश्रित संस्कृति आदि सन्दर्भलाई सैद्धान्तिक तथा आवश्यकताअनुसार अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरी अध्ययन सम्पन्न गरिएको छ र 'इतर कविता' कृतिका कवितामा जनजातीय संस्कृतिसँगै मिसिएर जनजातीय पहिचान र अस्तित्वका पक्ष पनि समानान्तर रूपमा आएको र जनजातीय संस्कृतिको प्रयोग र जनजातीय पहिचान नै 'इतर कविता' को मूल विषय भएको र पहिचानको खोजी नै यस कृतिभित्रका कविताको मूल उद्देश्य हो भन्ने निष्कर्ष यसमा निकालिएको छ ।

**शब्दकुञ्जी :** आदिवासी, आयातीत संस्कृति, जातीय पहिचान, मानवशास्त्र, मूलधार

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय पराजित पोमुद्वारा सम्पादित *इतर कविता* विभिन्न जनजाति कविहरूका कविताको सामूहिक सङ्कलन वा सामूहिक कवितासङ्ग्रह हो र यस सङ्ग्रहका कवितामा अभिव्यञ्जित जनजातीय पहिचान र संस्कृतिका विविध पक्षहरूमा केन्द्रित रहेर विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । जनजातीय संस्कृति भनेको राज्यको

मूलधारमा रहेको संस्कृतिभन्दा फरक कुनै जातीय विशेषता वा जातीय पहिचान बोकेको संस्कृति भन्ने बुझिन्छ । समाजमा प्रभुत्वशाली भएर रहेको एउटा मानक निर्माण गर्ने धार हुन्छ भने अर्को त्यसले सीमान्तीकृत बनाउन खोजेको संस्कृति र साहित्यको धार पृथक् धार हुन्छ । त्यही सीमान्तीकृत वा ओझेलमा परेको संस्कृति नै जनजातीय संस्कृति हो र यसलाई आफ्नो मौलिक भाषा, धर्म, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने जातिहरूको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने संस्कृतिका रूपमा बुझिन्छ । कुनै पनि समुदायको कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई पनि जनजातीय संस्कृति भनेर अर्थ्याइएको पाइन्छ । संस्कृति शब्दले प्रायः कुनै समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार, निश्चित सम्बद्ध समूह वा जातिका कलाकौशल, धर्म, विश्वास, तथा ती कुरा अभिव्यक्त साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाएको पाइन्छ तापनि मार्क्सवादी दृष्टिकोणअनुसार भने कुनै समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक अवधारणालाई संस्कृति मानिन्छ । संस्कृति शब्दले कुनै एक जातिको मात्र नभएर राष्ट्रभित्र रहेका हरेक जाति, क्षेत्र, वर्गका समुदायहरूको समग्र संस्कृतिलाई बुझाए पनि जनजातीय संस्कृतिले कुनै जातीय समुदायविशेषको संस्कृतिलाई बुझाउँछ । विश्वका धेरै मानवशास्त्रीहरूले जनजातिको परिभाषा दिए पनि सबैको मत एकै किसिमको पाइँदैन । एउटा परिभाषाले प्रत्येक देशको जनजातिलाई समेट्न सक्दैन । सामान्य अर्थमा आदिम जातिलाई जनजाति भनेर स्वीकार गरिए पनि नेपाल सरकारद्वार गठित राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठानको प्रतिवेदनअनुसार जनजाति भन्नाले जसको आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान छ, जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ, जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ । यसबाट के स्पष्ट हुन्छ भने एउटा आदिवासी समुदायको मौलिक पहिचान बोकेको संस्कृति नै आदिवासी संस्कृति हो । अतः साहित्यको संस्कृतिपरक अध्ययन गरिएको यस लेखमा जनजाति समुदायका विभिन्न किसिमका सांस्कृतिक पक्षहरूलाई केन्द्र बनाएर अध्ययन गरिएको छ ।

पराजित पोमुद्वारा सम्पादित *इतर कविता* आदिवासी तथा जनजाति कविहरूले लेखेका कविताहरूको सङ्ग्रह हो । यस कृतिमा सुनुवार, गुरुङ, तामाङ, थकाली, थारू, दलित, नेवार, मगर, मधेसी, याक्खा, राई, लिम्बू र शेर्पा गरी तेह्र जनजाति समुदायका जम्मा ३३८ जना कविका कविता सङ्गृहीत छन् । यी कविताहरूमा जातीय पहिचानका साथै अस्तित्ववादी चेतना र प्रतिरोधी आवाज मुखरित भएका छन् । जनजाति कविहरूको आवाज प्रभावपूर्णरूप मा आएका यी कविताहरूमा जनजातीय संस्कृति जनजातिको मौलिक पहिचानका रूपमा अभिव्यक्त भएको देखिन्छन् । प्रस्तुत *इतर कविता* कवितासङ्ग्रहका कवितामा जनजातीय संस्कृतिका कुनकुन पक्षहरू प्रबल भएर आएका छन् र त्यसले जनजातीय मौलिक पहिचानलाई कसरी अभिव्यक्त गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासा

समाधान गर्नका निमित्त *इतर कविता* कविताकृतिभित्रका जनजातीय संस्कृतिसँग सम्बद्ध कविताहरूलाई मात्र चयन गरी जनजातीय संस्कृतिका विविध पक्षको विमर्शबाट प्रस्तुत कृतिको मूल्याङ्कन गर्ने उद्देश्य रहेको छ । जनजाति कविहरूका पहिचानसँग सम्बद्ध यो पहिलो सामूहिक सङ्कलन भएको र जनजातीय कोणबाट यस कविताकृतिमाथि केन्द्रित भएर हालसम्म सोपाधिक वा निरुपाधिक कुनै पनि अध्ययन नभएकाले त्यही रिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो र यो अध्ययन त्यस प्राज्ञिक रिक्तताको परिपूर्तिका लागि आवश्यक देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट सामग्रीसङ्कलन गरिएको छ । यसक्रममा पराजित पोमुद्वारा सम्पादित *इतर कविता* कवितासङ्ग्रहमा प्रयुक्त जनजातीय संस्कृति र त्यसअन्तर्गतका परम्परागत संस्कृति, निर्मित संस्कृति आदिका सूचक कविताहरूलाई प्राथमिक सामाग्रीका रूपमा लिइएको छ । यसरी तथ्याङ्कहरूको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरिएको छ भने सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अध्ययनको सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका कृतिहरूबाट द्वितीयक सामग्रीसङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी *इतर कविता* कवितासङ्ग्रहमा अन्तर्निहित जनजातीय संस्कृतिसम्बद्ध विभिन्न पक्षहरूको निरूपण गर्न विश्लेषणको एउटा सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा निर्माण गरिएको छ र यस्तो ढाँचा तयार पार्ने क्रममा निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

विभिन्न जनजातिका संस्कृतिसँग सम्बद्ध अध्ययनलाई जनजातीय सांस्कृतिक अध्ययन भनिन्छ र यसको आफ्नै परम्परागत भौगोलिक क्षेत्र भएकाले यसको लिखित-अलिखित इतिहास छ । जुन समुदायभित्र हामीको भावना छ, जुन समुदायको आधुनिक नेपालको राजनीतिक र राज्यसञ्चालनमा निर्णायक भूमिका छैन र जो नेपालको आदिवासी हो (पाण्डेय, २०७०, पृ. १७२) भनेर परिभाषित गरेको छ । देशकालसापेक्ष भई वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदैआएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज र जातिको स्वरूप छुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधनलाई संस्कृतिका रूपमा मानिन्छ (गौतम, २०७२, पृ. ४१३ । मानवव्यवहारमा प्रयोग हुन आउने विधि, व्यवहार, वस्तु र परिधान, खाद्यवस्तु, आवास र श्रम, व्यापार, उपभोग्य वस्तुको उत्पादन र तिनको वितरण तथा उपयोग र आचारव्यवहार, जीवनभोगका तौरतरिका, जीवनयात्रा र आचारशैलीलगायतका

पक्षहरू संस्कृतिका उदाहरण हुन् (सुवेदी, २०७३, पृ.२०३) र ती कुनै आदिवासी वा जनजाति समुदायमा मात्र सीमित छन् भने त्यसलाई जनजातीय संस्कृति मानिन्छ । साहित्यिक रचनामा संस्कृतिको अध्ययन गर्ने परम्परा उन्नाइसौँ शताब्दीको प्रारम्भबाट नै भएको हो । म्याथ्यु अर्नोल्ड (१८२२-८८) ले सांस्कृतिक समालोचनाका क्षेत्रमा महत्वपूर्ण काम गरेका र उत्तम साहित्यिक रचनाले समाजलाई अराजकताबाट जोगाउन सक्छ भन्ने मान्यताका साथ साहित्यिक कृतिका सांस्कृतिक पक्षको समालोचना गरेको पाइन्छ (उप्रेती, २०६९, पृ. २८) । म्याथ्यु अर्नोल्डले सुरु गरेको सांस्कृतिक समालोचनालाई एफ.आर. लेभिज (१८९५-१९७८) लगायतका समालोचकहरूले अगाडि बढाएका छन् । सन् १९६० को दशकमा ब्रिटिस सांस्कृतिक अध्ययनको आरम्भ भएपछि भने साहित्यको सांस्कृतिक समालोचनाको धार नै परिवर्तन भएको पाइन्छ । समाज लिङ्ग, जाति, धर्म, क्षेत्रसँगै वर्गबिचको द्वन्द्वबाट सञ्चालित छ र संस्कृतिले पनि अर्थव्यवस्थाले जस्तै त्यहीरूपमा जनताको पहिचानको चेतनालाई आकार दिन्छ भन्ने मान्यताबाट प्रारम्भ भएको यो ब्रिटिस सांस्कृतिक अध्ययनका मुख्य प्रवर्तक वा संस्थापकहरूमा रिचार्ड होगार्ड, रेमन्ड विलियम्स, इ.पि. थम्प्सन र स्टुआर्ट हल रहेका छन् (Kulkarni and Chaskar, २०१५, पृ. २४०-२४३) । साहित्यको सांस्कृतिक अध्ययनका नयाँनयाँ सिद्धान्त र मान्यताहरू विकसित हुँदैजाने क्रममा कतिपय विद्वान्हरूले संस्कृतिलाई राजनीति र इतिहासबाट निर्मित विषयका रूपमा समेत व्याख्या गरेका छन् र त्यसलाई सांस्कृतिक भौतिकवादको नाम दिएका छन् (Barry, २०१०, पृ.१७६) । यसरी विभिन्न किसिमले साहित्यको सांस्कृतिक समालोचनाको विकास भए पनि यसको उद्देश्य भनेको साहित्यिक कृतिभित्र समाहित सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन र मूल्याङ्कन गर्नु नै हो । जनजातीय संस्कृतिअन्तर्गत परम्परित संस्कृति, निर्मित संस्कृति, मिश्रित र आयातित संस्कृति गरी तीन पक्षको उपस्थिति रहेको छ । यिनै आधारलाई जनजातीय संस्कृतिको विश्लेषणको आधार मानी *इतर कविता* कृतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## जनजातीय संस्कृतिका विविध पक्ष

कुनै पनि ठाउँका आदिवासी, रैथाने जहाँ उसले मेहनत गरेर पसिना बगाएको हुन्छ, जहाँको कुनाकन्दरा, पाखापखेरा, वनजङ्गल, नदीनाला र खोलाखोल्साहरूलाई आवाद गरेर उसले आफ्नो अनुकूल बनाएको हुन्छ, त्यहाँको ढुङ्गामाटो र यावत् प्राकृतिक देनहरूसँग ऊ जन्मैदेखि झ्याम्मिएको हुन्छ र जो त्यहाँको भूमिपुत्र हो, त्यसलाई नै आदिवासी जनजाति भनेर चिनिन्छ र तिनीहरूको समुदायमा चलेको संस्कृति नै जनजातीय संस्कृति हो ।यसै सन्दर्भमा *इतर कविता* कृतिको सम्पादकीयमा आदिम भष्मेका बस्ती र भूइँमान्छेसितको भाषा, संस्कृति, साहित्य नै हाम्रो मौलिकता हो-को दाबीमा हामीले पनि दाबी कसेका छौँ । यसै आदिम भुईं-आवाजलाई एउटै खला (धाननाच, साकेला सिली, डम्फुसेलो, घाटु, रोधी, स्याब्रो, भुम्या, सखिया, लाखेनाच र अरू पनि) मा उभ्याउँदा हामी इतर भयौँ तर आफैँमा

इतर नभएर सत्ताको आँखामा चाहिँ हो पनि बुझेका छौँ (पोमु, २०७६, पृ.८) उल्लेख छ। आदिवासी जनजाति कविहरूको प्रतिरोधी चेतना जुर्मुराएको यस समयमा लामो समयसम्म एकल जाति, भाषा, संस्कृति, शासन र नियमहरूको अधीनमा परेका आदिवासीहरू देशमा आएको परिवर्तनसँगै आफ्नो पहिचानको विषयप्रति गम्भीर भएका छन्। उनीहरूले बहुल संस्कृति र जातीय पहिचानको कुरालाई सशक्त ढङ्गमा लेख्न थालेका छन् (लामा, २०७६, पृ. ६७)। यसका साथै जाति, भाषा, संस्कृति र भूगोलका आधारमा उनीहरूले आदिकालदेखि आर्जन गरी ल्याएको जीवनसभ्यतालाई राज्यले सम्मानजनक अपनत्व ग्रहण नगरिदिँदा बहुआयामिक विभेदीकरणले निरन्तरता पाएको र त्यस्ता विभेदप्रति गहिरो आक्रोश र त्यसबाट उन्मुक्त हुने उत्कट चाहना बोक्ने (काइँला, २०७६, पृ. ४) कविता यस सङ्ग्रहमा समावेश भएका छन्।–नेपाली साहित्यमा वर्चस्व रहेको मूलधारको साहित्यबाट वर्षौं उपेक्षित हुनुपरेको यथार्थलाई चिर्दै प्रकाशन भएको प्रस्तुत *इतर कविता* कृतिमा प्रयुक्त जनजातीय संस्कृतिलाई तलका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

## परम्परागत संस्कृति

कुनै पनि जाति वा समुदायले परम्परादेखि नै चलनचल्तीका रूपमा मान्दैआएको र समाजले व्यापक रूपमा अवलम्बन गरेको संस्कृतिलाई परम्परित संस्कृति भनिन्छ। हरेक जाति वा समुदायको आफ्नो मौलिक परम्परागत संस्कृति हुन्छ र त्यो संस्कृति नै तिनको मौलिक पहिचान पनि बनेको हुन्छ। जनजातिले अवलम्बन गर्ने संस्कृति नै जनजातीय संस्कृति हो। मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा पनि परम्परागत संस्कृतिलाई आत्मसात् गरिरहेको हुन्छ। यस्ता परम्परागत संस्कृतिको प्रभाव मान्छेको जीवन, उसको सोच, चिन्तन र व्यवहारमा कहीँ न कही परिरहेकै हुन्छ। संस्कृतिका दृष्टिकोणले जनजातिहरू अझ बढी सम्पन्न हुन्छन् र उनीहरूको संस्कृति प्रकृतिसँग निकट हुन्छ। *इतर कविता* कवितासङ्ग्रहका जनजाति कविहरूका कवितामा परम्परागत संस्कृतिलाई देखाउने विभिन्न सांस्कृतिक र प्राकृतिक बिम्बहरूको प्रयोग व्यापक रूपमा भएको देखिन्छ। यस सङ्ग्रहका कवितामा परम्परागत संस्कृतिलाई कतै आफ्नो पहिचानका रूपमा त कतै गौरवका रूपमा प्रस्तुत गएिको छ। यहाँका अधिकांश कवितामा आफ्नो जनजातिको परम्परागत संस्कृतिलाई झल्काउने मिथक, बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ। तीमध्ये यस सङ्ग्रहका केही प्रतिनिधिमूलक कवितालाई मात्र उदाहरणका रूपमा उद्धृत गरिएको छ। कवितामा भाव वा विचार सम्प्रेषण गर्ने क्रममा परम्परागत संस्कृति अभिव्यक्त भएको एउटा कवितांश यसप्रकार छ :

सुम्निमा र पारूहाङ भाकल गरी
तीनचुलो कसम खाई मुन्दुमी साइतमा
पठाएको छु खिदीहरू प्रकृतिको नाता जोड्न
डालतुप्लाभरि प्रेमिल सगुन फिँजाई

अनि त बनायौ मलाई आफ्नै आङमा
सिकायौ- आफ्नै भाषा, संस्कृति, सभ्यता
चिनायौ आफ्नो फरक मौलिकता हुनुमा ।

राई, 'क्यानभासका रङहरू', पृ.४३२ ।

प्रस्तुत कवितांशमा कवि दीपा मेवाहाङ राईले आफ्नो राई समुदायको सांस्कृतिक पक्ष उजागर गरेकी छन् । आफ्नो फरक मौलिक संस्कृति हुनुमा गर्व गरी लेखिएको यस कवितांशमा किरात राईहरूका भगवान् मानिने सुम्निमा र पारूहाङ भाकल गर्नु, मुन्दुमी साइतमा तीनचुलो कसम खानु, खिदीहरू प्रकृतिको नाता जोड्नपठाउनु, ङालतुप्लाभरि प्रेमिल सगुन फिँजाउनुजस्ता सन्दर्भहरूले राईहरूको मौलिक संस्कृतिलाई उजागर गरेको छ भने मुन्दुमी साइत, ङालतुप्लाजस्ता मौलिक सांस्कृतिक शब्दहरूको प्रयोग गरी नेपाली शब्दभण्डारमा नयाँ शब्दको प्रयोगलाई पनि प्रश्रय दिइएको छ । यसरी आफूलाई आफैजस्तै बनाउँदै भाषा, संस्कृति, सभ्यता चिनाएर आफ्नो फरक मौलिकता हुनुमा गौरान्वित बनाएको भाव यहाँ प्रस्तुत गरिएको छ । यस्तै जनजाति संस्कृति अभिव्यक्तअर्को कवितांश यसप्रकार छ :

प्रकृति पुज्ने आमाबाबुको
एक्स र वाइ क्रोमोजम मिलेर आदिमभूमिको
पाठेघरबाट उत्पत्ति भई निस्केको
भूमिपुत्र म
ल्होसार, रोधी र सोरठी अनि घाटुजस्ता
छर्लङ्ग रीतिरिवाज, संस्कार, संस्कृति र परम्परा
मयुरको कल्कीझैं भेषभूषा
डाँडाकाँडा तालतलैयाझैं अटल भै
मिलेर बस्ने रहनसहन
कर्मकाण्ड अर्गुम गर्दा
थासो फाल्दा बाघे जोखना हेर्दै/प्च्यु, घ्याप्रे र लामाले
जन्मदेखि मृत्युसम्म
कर्मकुण्डली गरेर एक लोकबाट अर्को लोकमा पार तार्न
हाम्रा पुर्खाहरूको रीत मेरा सत्यता तिमीहरूले
बुझेका छैनौ होला ?

गुरुङ, 'भूमिपुत्र', पृ. ४० ।

प्रस्तुत कवितांशमा गुरुङ समुदायको संस्कृति कविताको विषय बनेर आएको छ ।कविले गुरुङ जातिलाई भूमिपुत्रका रूपमा चिनाउँदै आफूलाई प्रकृति पुज्ने आमाबाबुको एक्स र वाइ क्रोमोजम मिलेर आदिमभूमिको पाठेघरबाट उत्पत्ति भई निस्केको भूमिपुत्र हुँ भनेर

स्वीकार गरेका छन् । प्रस्तुत कविताांशमा ल्होसार, रोधी र सोरठी, घाटुजस्ता रीतिरिवाज, संस्कार, संस्कृति भएको आफ्नो समुदायको परम्परित संस्कृतिमाथि गर्व गरिएको छ । साथै यहाँ आफ्नो समुदायको मयुरको कल्कीझैँ भेषभूषा, डाँडाकाँडा र तालतलैयाझैँ अटल भई मिलेर बस्ने रहनसहनको वर्णन पनि गरिएको छ । यसरी गुरुङ समुदायमा प्रचलित कर्मकाण्डहरू अर्गुम गर्नु, थासो फाल्नु, बाघे जोखना हेर्नुजस्ता परम्परागत संस्कृतिको सन्दर्भ प्रस्तुत गरिएको कविताांशमा प्च्यु, घ्याप्रे र लामाले जन्मदेखि मृत्युसम्मका कर्मकुण्डली गरेर एक लोकबाट अर्को लोकमा पार तार्ने आफ्ना पुर्खाहरूको रीत नै आफ्नो वास्तविक परिचय भएको र यो सत्य अझैसम्म पनि अरूले बुझ्न नसकेको भाव यहाँ अभिव्यक्त भएको छ । यस्तै अर्को कविताांश यसप्रकार छ :

त्यही मिथिला ल्याएको छु
धेरै जतन गरेर
झोलामा छोपेर
यै सँगै ल्याएको छु
सिया-धीयाको महिमा
सलहेसको गौरव-गाथा
लोरीको खिस्सा-पेहानी अनि
कमला, कोसी, बलानको निश्छल प्रेम पनि ।

ठाकुर, 'झोलामा मिथिला', पृ. ३५३ ।

यस कविताांशमा मधेसी समुदायको परम्परागत संस्कृति अभिव्यक्त भएको छ । कामको खोजीमा मधेसबाट विदेश गएको एक श्रमिकले आफ्नो झोलामा केके बोकेर ल्याएका हुन्छन् त भन्ने जिज्ञासाको उत्तर दिइएको यस कविताांशमा कवि विन्देश्वर ठाकुरले आफूले सिङ्गै मिथिला नै बोकेर ल्याएको भाव व्यक्त गरेका छन् । मधेसको परम्परागत सभ्यता र संस्कृतिलाई प्रस्तुत गरिएको यस कविताांशमा धेरै जतन गरेर, झोलामा छोपेर, सिया-धीयाको महिमा,सलहेसको गौरवगाथा, लोरीको खिस्सापेहानी ल्याएको र यसका साथै कमला, कोसी, बलानजस्ता मधेसको सुगन्ध बोकेका नदीहरूको निश्छल प्रेम पनि झोलामा नै बोकेर ल्याएको भाव यहाँ प्रस्तुत गरिएको छ ।

## निर्मित संस्कृति

मानवीय सभ्यताको पछिल्लो समयको समाजमा चलेको र परिवर्तित जीवनशैलीबाट निर्माण भएको संस्कृतिलाई निर्मित संस्कृति भनिन्छ । *इतर कविता* कवितासङ्ग्रहका कवितामा परम्परित संस्कृतिका साथै निर्मित संस्कृतिको चित्रण पनि प्रभावकारी रूपमा गरिएको छ । खासगरी वैदेशिक रोजगार, भूमण्डलीकरण, साइबरसंस्कृति, उपभोक्तावादी संस्कृति आदिको विस्तारका कारणनिर्मित संस्कृतिको हस्तक्षेप बढ्दैगएको छ । यसभन्दा

पनि पहिले नेपालमा लाहुरेसंस्कृतिको विकास भएको र यस संस्कृतिको प्रभाव जनजाति समुदायमा बढी देखिएको कुरा यस सङ्ग्रहका कविताहरूले व्यक्त गरेका छन् । यस सम्बन्धमा कुमारी लामाले लाहुरेसंस्कृतिसँग तामाङहरूको एकखाले सामीप्य निकै अघिदेखि भएको र राणाशासकहरूले नेपाली जनजाति युवाहरूलाई गाउँगाउँबाट खोजेर लखेटेपछि पहिलो र दोस्रो विश्वयुद्धमा त्यतिबेलाबाटै लाहुरे चलन सुरु भएको (लामा, २०७६, पृ.६४) भनेकी छन् । यसरी जनजाति समुदायमा निर्मित संस्कृतिअन्तर्गत लाहुरेसंस्कृतिको व्याप्ति बढी भएको सन्दर्भ *इतर कविता* कवितासङ्ग्रहका कवितामा स्पष्टसँग आएको छ । यस्ता लाहुरेसंस्कृतिका सन्दर्भहरू प्रयोग भएका केही कवितांशहरू यसप्रकार छन् :

शताब्दीऔँ अघिदेखि/पटपटी फुटेको पाइतालाले
घामसँग सिँगौरी खेली/खकनले कसेर
ढाकरमा रहर बोकी/पसिनाको थोपासँगै
पिपिरीको पातमा/मनको बह सङ्गीत भर्दै
अगाडि बढिरहेको पाइला कसको हो ?
निक् वाक्क गरी/पितृसँग आशीर्वाद लिएर
देउराली, भिमेसिमे भाकेर/धारिलो खुकुरीका साथमा
घरको छानो फेर्ने धोकोले/लाहुर निस्केको ऊ को हो ?
सुनार, 'आदिवासीको छोरा', पृ. १९ ।

प्रस्तुत कवितांशमा जनजाति समुदायमा निर्मित संस्कृतिका रूपमा विकसित लाहुरेसंस्कृति र त्यससँग सम्बद्ध परम्परित संस्कृति अभिव्यक्त भएको छ । कवि तारादेवी सुनारले आदिवासी जनजातिहरूका छोराहरूका लागि लाहुर जानुपर्ने नियति वा बाध्यतामाथि प्रश्न गर्दै लेखिएको यस कवितांशमा शताब्दीऔँ अघिदेखि जनजाति आदिवासीहरूले जिउँदैआएको सङ्घर्षशील जीवनलाई उनीहरूको सांस्कृतिक पक्षसँग जोडेर वर्णन गरिएको छ । यसक्रममा पटपटी फुटेको पाइतालाले घामसँग सिँगौरी खेल्दै खकनले कसिएको ढाकरमा रहरहरू बोकेर हिँडिरहेको अनि पसिनाको थोपासँगै पिपिरीको पातमा मनको बह सङ्गीत भर्दै अगाडि बढिरहेको पाइला कसको हो भनेर प्रश्न गरिएको छ र पितृसँग आशीर्वाद लिएर,देउराली, भिमेसिमे भाकेर धारिलो खुकुरीका साथमा घरको छानो फेर्ने धोकोले लाहुर निस्केको नवजवान अरु कोही नभएर आदिवासीको छोरो भएको यथार्थ यस कवितांशमा प्रस्तुत गरिएको छ । यसरी यहाँ आफ्नो देश र संस्कृतिलाई हृदयमा बोकेर दुईछाक जुटाउन र घरको छानो फेर्न सदियौँदेखि लाहुर जान बाध्य पारिएकोमा राज्यप्रति प्रश्न पनि गरिएको छ । यस्तै लाहुरेसंस्कृतिको चित्रण गरिएको अर्को कवितांश यसप्रकार छ :

म, राइफलम्यान प्रेमबहादुर मगर
जे एन्ड के राइफलको नाति
लेसनायक रेमबहादुर मगर

बाह्र आसाम राइफलको छोरा
तोरीलाहुरे डिलबहादुर मगर
अर्थात् डल्ले मगर !
...त्यसैले भर्ती हुन पुग्ने पढाइ सकेर
बेलैमा लाहुरे हुनका लागि
एकवर्ष उमेर बढाएर
नागरिकता लिएपछि
म लागेँ,
पुर्ख्यौली पेसाको खेती गर्न ।

काउछा, 'डल्ले मगरको सपना', पृ. ३२३ ।

सञ्जय काउछाद्वारा लेखिएको प्रस्तुत कवितांशमा लाहुरमा भर्ती हुनजाने काम कसरी संस्कृति नै बन्न पुग्यो भन्ने कुरालाई व्यक्त गरिएको छ । म पात्र समाख्याता रहेको यस कवितांशमा डिलबहादुर मगर अर्थात् डल्ले मगरले लाहुरे हुन नसकेर तोरीलाहुरे हुनपुगेको आफ्नो कथा प्रस्तुत गरेको छ । आफू राइफलम्यान प्रेमबहादुर मगर जे एन्ड के राइफलको नाति, लेसनायक रेमबहादुर मगर बाह्र आसाम राइफलको छोरा भएर पनि लाहुरे अर्थात् पल्टनमा भर्ती नमिलेपछि तोरीलाहुरे भई खाडीमुलुक छिर्नुपरेको सन्दर्भ प्रस्तुत गरिएको यस कवितांशले लाहुरेसंस्कृतिले आज वैदेशिक रोजगारीको नाम पाएको र यो झन् बढ्दैगएको यथार्थ व्यक्त गरेको छ । यहाँ डिलबहादुर मगरले भर्ती हुन पुग्ने पढाइ सकेर बेलैमा लाहुरे हुनका लागि एकवर्ष उमेर बढाएर नागरिकता लिएपछि पुर्ख्यौली पेसाको खेती गर्न तयार भएको प्रसङ्गले मगर समुदायमा लाहुरेसंस्कृति कसरी पुस्तापुस्तामा हस्तान्तरण हुँदैगएको छ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । लाहुरेसंस्कृतिका बारेमा नवीन विभासले लेखेका छन्- पहिलो र दोस्रो विश्वयुद्धमा मगरबस्ती युवाविहीन भएका हुन् । राणाले त्यसपछि मगरलाई भाडाको सिपाहीका रूपमा विदेशीलाई बेच्ने 'संस्कृति' थाल्छ । राज्यको मूलधारबाट पाखा पार्न लाहुरेसंस्कृति । जुन संस्कृति आँधीले अहिलेसम्म पनि मगर बस्ती ढलेकै छ । भारतमा गोर्खा राइफल्स, आसाम राइफल्स मात्र छैनन् दलाई लामाको पनि लाहुरे भर्ती भएका छन् । सिङ्गापुर पुलिस, बेलायतमा लाहुरे छन् भने ब्रुनाइमा अहिले पनि गार्ड छन् । विदेशमा लाहुरिएर रगत र पसिना बगाउने क्रम अहिले पनि जारी छ । अर्थात् राणाले मगरलाई बेच्न सुरु गरेपछि थालिएको लाहुरयात्रा आजको मितिसम्म जारी छ (विभास, २०७६, पृ. २८०) । लाहुरेसंस्कृति र यसले निर्माण गरेका पीडायुक्त सत्यलाई पनि यस कवितासङ्ग्रहका केही कवितांशमा विषय बनाइएको छ, यसको एउटा उदाहरणका रूपमा तीर्थ श्रेष्ठको एउटा कविता यसप्रकार छ :

म यतिखेर युद्धमा क्षतविक्षत
मेरा पति सम्झिरहेकी छु

काँचो धागोले बेरिएको चिठी
लास गनाउने पेन्सन
र त्यही पेन्सनको आडमा
बाँचेको जिन्दगी जेनतेन सोचिरहेकी छु
मेरा पतिको जिन्दगीभरको कमाइ
म विधवाको टाउको लुकाउने थलो
र त्यसैको ढोकाअगाडि निर्लज्ज फक्रिरहेको
तिमी लाहुरे फूल !

श्रेष्ठ, 'लाहुरे फूल ! म तिम्रो नाम फेर्न चाहन्छु', पृ. २१० ।

प्रस्तुत कवितांशमा लाहुरेसंस्कृतिले निर्माण गरेको पीडायुक्त यथार्थलाई व्यक्त गरिएको छ । यहाँ जवानीमा नै विदेशीभूमिमा आफ्नो पति गुमाउनपुगेकी लाहुरेकी श्रीमतीको विवशतालाई देखाउन लाहुरेनीले लाहुरेफूसँग गरेको संवादलाई प्रस्तुत गरिएको छ । युद्धमा क्षतविक्षत आफ्नो पति सम्झिरहेकी उनले काँचो धागोले बेरिएर आएको चिठी, लास गनाउने पेन्सन र पतिको जिन्दगीभरको कमाइ त्यही पेन्सनको आडमा जेनतेन बाँचेको जिन्दगी सोचिरहेको सन्दर्भ यहाँ उल्लेख गरिएको छ । लाहुरेलाई सम्झेर बाँच्न विवश उनको टाउको लुकाउने घरको ढोकाअगाडि नैलाहुरे फूल निर्लज्ज फक्रिएपछि उनले त्यो फूलको समेत नाफ फेर्न चाहेको कुरा यस कवितांशमा व्यक्त गरिएको छ । यसरी लाहुरे भएर विदेशीभूमि नै ज्यान गुमाएका लाहुरेहरुको परिवार र उनीहरुले भोग्नुपरेको वियोगको पीडा आएको यस कवितांशमा लाहुरे संस्कृतिको पृथक् पाटोलाई देखाइएको छ ।

## आयातीत र मिश्रित संस्कृति

जनजाति संस्कृतिमा पछिल्लो समय विदेशी अर्थात् आयातीत संस्कृतिले हस्तक्षेप गर्नथालेको यथार्थलाई पनि प्रस्तुत *इतर कविता*का केही कविताहरूमा विषय बनाइएका छन् । मूलधारको संस्कृतिबाट वर्षौंदेखि हेपिएको चेपिएको जनजातीय संस्कृति पछिल्लो समय भने विदेशी संस्कृतिको हस्तक्षेपबाट सङ्कटमा परेको यथार्थलाईसमेत यस कृतिका केही कविताले विषय बनाएका छन् । यसैगरी एउटा समुदायको संस्कृति अर्को समुदायको संस्कृतिसँग मिसिन जाँदा त्यहाँ मिश्रित संस्कृतिको निर्माण त हुन्छ नै त्यसभन्दा पनि जातीय संस्कृतिको मौलिकता हराउने सम्भावना रहेका कुरालाई पनि यस कृतिका केही कवितामा विषय बनाइएका छन् । यस्तै आयातीत संस्कृति र मिश्रित संस्कृतिको प्रभावलाई व्यक्त गरिएका कवितांशहरू यसप्रकार छन् :

हजुरबाले सुस्केरा हाल्दै
गम्भीर भई भन्नुभयो-
'सखिया' नाच्न छोडेर डिस्कोबारमा जानथाल्यो

'सजना', 'मैना' छोडेर पपऱ्याप गाउन थाल्यो
'लेहेङ्गा चोली' 'धोती' छोडी जिन्स पाइन्ट लाउन थाल्यो
'छ्याँकी-बुँदी' घरको छोडी भोड्का खानेलाई शान भयो
बर्गर पिज्जा छोडी 'ढिक्री' खानेलाई अपमान भयो
'माघु' र 'ढुर्हेरी' भन्दा क्रिस्मस डे प्यारो भयो
'औली'लाई बिर्सेर बर्थडे मनाउन थाल्यो
'डाइबाबा' भन्न छोडी 'मम्मीडेडी' भन्न थाल्यो ।

चौधरी, 'हजुरबाको ठम्याइ', पृ. १४९ ।

प्रस्तुत कविताांशमा थारु आदिवासीहरूको संस्कृतिमाथि विदेशी आयातीत संस्कृतिले कसरी हस्तक्षेप गरेको छ भन्नेकुरा देखाइएको छ । हजुरबा र नातिको संवादमा बुनिएको प्रस्तुत कविताांशमा हजुरबाले सुस्केरा हाल्दै गम्भीर भई आफ्नो मौलिक थारुसंस्कृति लोप हुँदैजानुको कारण बताइएको छ । जब आजको पुस्ता 'सखिया' नाच्न छोडेर डिस्कोबारमा जान थाले, 'सजना', 'मैना'जस्ता गीत छोडेर पपऱ्याप गाउन थाले अनि 'लेहेङ्गा चोली', ' धोती',जस्ता पहिरनलाई उपेक्षा गरेर जिन्स पाइन्ट लाउन थाले, त्यसबेलादेखि नै मौलिक संस्कृति सङ्कटमा परेको भाव यहाँ व्यक्त भएको छ । साथै 'छ्याँकी-बुँदी'जस्तो घरेलु रक्सी छोडेर जब भोड्का खानेलाई शान भनिन थालियो, 'ढिक्री' खानेलाई अपमान र बर्गर पिज्जा खानेलाई सम्मान गर्न थालियो, 'माघु' र 'ढुर्हेरी'भन्दा क्रिस्मस डे प्यारो हुन थाल्यो अनि ' औली'लाई बिर्सेर बर्थडे मनाउन र 'डाइबाबा'का ठाउँमा 'मम्मीडेडी' को सम्बोधन चल्न थाल्यो, त्यसपछि आयातीत संस्कृतिले मौलिक संस्कृतिलाई सङ्कटमा पाऱ्यो भन्ने भाव यस कविताांशमा प्रस्तुत गरिएको छ । यस्तै अर्को उदाहरण यसप्रकार छ :

मैले तिम्रो रामायणको श्लोकमा
मुन्धुम र रिसिया थपेर गाऊ भनेको छैन
तिम्रो चरु हवन गर्ने अग्निमा
केही थोपा सरुवा चढाऊ भनेको छैन
तिम्रो देवाली र तीजमा
थोरै साकेला सिली मिलाऊ पनि भनेको छैन
तर मनको बाघले तिमीलाई लगातार खाइरहेको देख्छु
म त
प्रकृतिलाई पुजिरहने मान्छे ।

इछमफुल, 'बिग्रिएको सपनाको कथा', पृ.३७७ ।

प्रस्तुत कविताांशमा खसआर्य जातिको हिन्दूसंस्कृति र किरात जातिको मुन्धुम संस्कृतिको सन्दर्भ ल्याएर यी दुई संस्कृति नितान्त फरक हुन् र यही पृथक्ता नै पहिचान भएकाले आआफ्नो संस्कृति स्वतन्त्ररूपमा मान्न र मनाउन पाउनुपर्छ भन्ने भाव अभिव्यक्त

भएको छ । यहाँ आफ्नो संस्कृतिमाथि आक्रमण हुन्छ कि भन्ने आशङ्काले डराइरहेका हिन्दूहरूलाई सम्बोधन गर्दै समाख्याताले रामायणको श्लोकमा मुन्धुम र रिसिया थपेर गाऊ नभनेको, चरु हवन गर्ने अग्निमा केही थोपा सरुवा चढाऊ नभनेको र देवाली र तीजमा थोरै साकेला सिली मिलाऊ नभनेको स्थितिमा पनि मनको बाघले लगातार खाइरहेको देखेपछि आफूलाई प्रकृतिको पूजक बताउँदै मुन्धुम संस्कृतिसँग डराउन नपर्ने भाव व्यक्त गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा पराजित पोमुद्वारा सम्पादित *इतर कविता* कवितासङ्ग्रहमा समाविष्ट जनजाति संस्कृतिसँग सम्बद्ध प्रतिनिधि कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यसमा आदिवासी, जनजाति समुदायका कविहरूद्वारा आफ्नो मौलिक पहिचान तथा अस्तित्व चेतनालाई अभिव्यक्त गर्ने क्रममा कवितामा प्रस्तुत गरिएका जनजातीय संस्कृतिका विविध पक्षलाई विषयवस्तु बनाएर लेखिएका चयनित कविताको विश्लेषण गरिएको छ । यसक्रममा राई, गुरुङ, मधेसी, सुनार, मगर, नेवार, लिम्बू आदि जनजातिका सांस्कृतिक पक्ष अभिव्यञ्जित भएका कविताको अध्ययन, विश्लेषण र मूल्याङ्कनबाट तत्तत् जनजातिका कविहरूका कवितामा तिनका जातीय सांस्कृतिक पक्ष प्रभावपूर्ण रूपमा आएको निष्कर्ष निकालिएको छ । पराजित पोमुद्वारा सम्पादित *इतर कविता* नेपाली साहित्यका जनजाति कविहरूको सामूहिक कवितासङ्ग्रह हो । नेपालका विभिन्न आदिवासी जनजाति समुदायका तीनसयभन्दा बढी कविहरूका कविता समाविष्ट यस कृतिका कवितामा जनजाति समुदायका जातीय संस्कृति, उनीहरूको मौलिक पहिचानका साथै उनीहरूका सीमान्तीकृत पीडा र अस्तित्वबोध विषयका रूपमा मुखरित भएका छन् । यसरी जातीय पहिचान प्रस्तुत गर्ने क्रममा यस कृतिका जनजाति कविहरूले आफ्ना परम्परित मौलिक संस्कृति र पछि विभिन्न परिस्थितिका कारण निर्माण भएका निर्मित संस्कृतिलाई आफ्ना कवितामा प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । यहाँ संस्कृतिविषयमा मात्र केन्द्रित भई तिनै पक्षहरूको अध्ययन विश्लेषण गरिएको छ । संस्कृति-अध्ययनको सैद्धान्तिक ढाँचाका आधारमा जनजाति समुदायमा प्रचलित परम्परित संस्कृति र निर्मित संस्कृतिअन्तर्गतका विविध संस्कृतिहरूको पाठगत विमर्शबाट प्राप्त जनजातीय संस्कृतिको विश्लेषण र त्यसको परिणामलाई प्रस्तुत गरी यसैका आभारमा निष्कर्षसम्म पुगिएको छ । विश्लेषित कवितामा व्यक्त भएका सांस्कृतिक पक्षले नेपाली समाजको बहुभाषिक र बहुसांस्कृतिक विषयलाई प्रभावकारी रूपमा प्रतिबिम्बन गरेका छन् र कविताको स्वरलाई बहुआयामिक बनाएका छन् । प्रस्तुत कवितासङ्ग्रहमा समाविष्ट जनजातीय संस्कृतिलाई प्रतिबिम्बित गरेका कविताले राज्यको एकाधिकारवादी एकल सांस्कृतिक व्याख्याले जनजातिको संस्कृति ओझेलमा पारेको यथार्थ प्रस्तुत गर्दै जनजातीय संस्कृति नै जनजाति समुदायको पहिचान र अस्तित्व भएकाले यसप्रति गर्वबोध गरिएको निष्कर्षसमेत प्राप्त भएको छ । पहिचानलाई संस्कृतिसँग र

संस्कृतिलाई पहिचानसँग जोडिएकाले विश्लेषित कतिपय कविता अन्तर्विषयकसमेत बनेका छन् । यसरी जनजातीय संस्कृतिका बहुल स्वरहरूको अभिव्यक्तिले उपर्युक्त कविताहरू उल्लेखनीय देखिन्छन् ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (२०७८). *समकालीन नेपाली कवितामा पहिचानको स्वर,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

इछमफुल, अञ्जना (२०७६), 'बिग्रिएको सपनाको कथा', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तको कुरा,* (चौथो संस्क.), काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

काइँला, वैरागी (२०७६), 'शुभकामना', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

काउछा, सञ्जय (२०७६), 'डल्ले मगरको सपना', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

गुरुङ, खोम (२०७६), 'भूमिपुत्र', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

गौतम, लक्ष्मणप्रसाद (२०७२). 'समकालीन नेपाली कविताको अन्तर्विषयक पठन', *समकालीन नेपाली कविताविमर्श,* सम्पा. अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चौधरी, सीताराम (२०७६), 'हजुरबाको ठम्याइ', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

ठाकुर, विन्देश्वर (२०७६), 'झोलामा मिथिला', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

पाण्डेय, ताराकान्त (२०७०).'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद', *भृकुटी,* पूर्णाङ्क १९, पृ.१७२-१९३ ।

पोमु, पराजित (२०७६), *इतर कविता,* (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मेवाहाङ राई, दीपा (२०७६), 'क्यानभासका रङहरू', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

लामा, कुमारी (२०७६), 'तामाङ कवितामा पहिचानको सवाल', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

विभास, नवीन (२०७६), 'कवितामा मगर मर्म', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान

श्रेष्ठ, तीर्थ (२०७६), 'लाहुरेफूल ! म तिम्रो नाम फेर्न चाहन्छु', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

सुनार, तारादेवी (२०७६), 'आदिवासी छोरा', *इतर कविता,* सम्पा. पराजित पोमु, (दोस्रो संस्क.), काठमाडौ : इतर अभियान ।

सुवेदी अभि (२०७२), 'समकालीन नेपाली कवितामा जनजातीय चेतना', सम्पा.अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम, *प्रज्ञा समकालीन नेपाली कविताविमर्श,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Barry,Peter (2010), *Beginning Theory*, U.K. M Manchester University Press .

Kulkarni, Anand B. And Chaskar, Ashok G. (2015), *An Introduction to Literary Theory and Criticism,* Hyderabad M Graphica Printers @Binders.